गाउँ कार्यपालिकाको कार्यालय

सूचना नम्बर: १५-२०७९/०८०

# रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी पुनः प्रकाशित सूचना ॥

**(दोश्रो पटक प्रकाशित मितिः २०७९/०५/०१ गते)**

चन्द्रकोट गाँउपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्तिको लागि मिति २०७९/०३/३० गते प्रकाशित सूचना अनुसार २०७९/०५/०१ गते लिईएको लिखित तथा प्रयोगात्मक परीक्षामा 'स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८' अनुसार कुनैपनि उम्मेद्वारले उत्तीर्ण हुनाका लागि आवश्यक न्यूनतम अंक प्राप्त नगरेकोले उल्लेखित पदमा पुनः दरखास्त आह्वान गर्ने छनौट समितिको निर्णयबमोजिम निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकशित भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमका विवरण र राजस्व बुझाएको रसिद सहित चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मीमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १७/२०७८-०७९ | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव।

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको।

२. दरखास्त दिने स्थान :- चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी।

३. दरखास्त दिने अन्तिम मितिः- सूचना दोश्रो पटक प्रकाशन गरेको मितिले ७ (सात) दिन (२०७९/०५/०८ गते ) कार्यालय समयभित्र यदि सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट।

४. आवेदनको दस्तुर :- रु ५०० (पाँच सय रुपैया मात्र)।

५. छनौट किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरिकता　　ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र　　ग) चारित्रिक प्रमाणपत्र

घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात　ङ) तालिमको प्रमाणपत्र　च) २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा तथा अन्यः- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड,२०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

८. आवेदनको ढाँचा र रोजगार सहायक पदपूर्ति पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा चन्द्रकोट गाउँपालिकाको वेवसाइटबाट www.chandrakotmun.gov.np बाट प्राप्त गर्न सकिने छ।

थप जानकारीका लागि सम्पर्क नम्बर : ९८५७०६०९६३/९८४१६३२६८४

इन्द्र बहादुर क्षेत्री

प्रमुख प्रशासकीय अधिकृत